नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च.नं. :-

## प्रेस विज्ञप्ति

मिति :.........................

सम्माननीय प्रधानमन्त्री के. पी. शर्मा ओलीज्यूले आज प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा.डा. पुष्पराज कंडेललाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउनु भयो । सोही अवसरमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा.डा. पुष्पराज कंडेलले सम्माननीय प्रधानमन्त्रीज्यूको समुपस्थितिमा आयोगका सदस्यहरू डा. कृष्णप्रसाद ओली, डा. दिलबहादुर गुरुङ, ई. सुशील भट्ट, श्री मीनबहादुर शाही र डा. रामकुमार फुयाँललाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउनु भयो।

अत्यन्त नयाँ र विशेष परिस्थितिमा आयोगका पदाधिकारीहरु नियुक्त हुनुभएको भन्दै सम्माननीय प्रधानमन्त्रीज्यूले जनताको जीवनमा अनुभूत हुने गरी परिवर्तन र विकास ल्याउने अभिभारा काँधमा रहेको बताउनुभयो । भिजन बिना देश नबन्ने र भिजनलाई योजना र कार्यक्रममा ढाल्न आवश्यक हुने भएकोले त्यसका लागि उत्पादनको ढाँचामा परिवर्तन गर्दै सदुपयोगको सिद्धान्त अनुरुप स्रोतसाधनको व्यवस्था र कार्यान्वयनको प्रतिबद्धता हुनुपर्नेमा वहाँले जोड दिनुभयो ।

छोटो समयमा सरकारको नीति तथा कार्यक्रम र बजेटसमेत ल्याउनु पर्ने भएकोले दिनरात खटी सबै क्षेत्र नछुट्ने गरी कार्यविभाजन गरेर र सम्बद्ध सबै निकायसँग समन्वय गरी पारस्परिक सहयोगका साथ राष्ट्रिय विकासलाई अगाड़ि बढाउन पनि सम्माननीय प्रधानमन्त्रीज्यूले आयोगका पदाधिकारीहरुलाई निर्देशन दिनुभयो ।

साथै सो अवसरमा आयोगका पदाधिकारीहरूलाई सफल कार्यकालको लागि शुभकामना व्यक्त गर्नुभएको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि प्रेस विज्ञप्ति जारी गरिएको छ ।

कार्यक्रममा माननीय गृहमन्त्री राम बहादुर थापा, माननीय अर्थमन्त्री युवराज खतिवडा, प्रधानमन्त्रीका मुख्य सल्लाहकार एवं सल्लाहकारहरु, नेपाल सरकारका मुख्य सचिव एवं सचिवहरू लगायतको उपस्थिति रहेको थियो ।

वैशाख १३, २०७५

विनोद बहादुर कुँवर
सहसचिव/प्रवक्ता

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल